# धनगढी उप–महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७८/०७९.
च.नं. ३२४०

मितिः २०७९/०२/१८

**श्री धनगढी उप–महानगर क्षेत्रमा सञ्चालित ग्याँस डिपो, पेट्रोल पम्प, होटेल तथा अस्पताल सञ्चालकहरू, औद्योगिक प्रतिष्ठानहरू !**

**विषयः** विपद जोखिम न्यूनीकरणका लागि पूर्वतयारी सम्बन्धमा।

उपयुक्त सम्बन्धमा धनगढी उप–महानगरपालिकाको वढ्दो शहरीकरण संगसंगै विभिन्न किसिमका आगलागीका घटनाहरू पनि वढ्दै गएका छन्। यस उप–महानगरमा आगलागीका घटना भई करोडौंको हानी नोक्सानी भएको छ। यो संख्या बढ्दो क्रममा रहेको छ। धनगढी उप–महानगरपालिका र युएनडिपीले गरेको विपद् जोखिम सम्बन्धी विभिन्न अध्ययनले पनि यो उप–महानगरपालिका आगलागीको उच्च जोखिममा रेहको देखाउँछ। उप–महानगर भित्रका वस्तीको विचमा रहेका ग्याँस डिपो, पेट्रोल पम्प, धेरै भीड रहने होटेल, अस्पतालहरू, औद्योगिक प्रतिष्ठानहरूमा आगलागी पूर्वतयारी पर्याप्त रूपमा नहुँदा दुर्घटना हुन सक्ने सम्भावना देखिएको छ। माथी उल्लेखित ठाउँहरूमा पूर्वतयारी अपनाउँदा सम्भावित जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ। तसर्थ महानगरपालिका भित्र रहेका उच्च जोखिममा रहने सार्वजनिक सेवा प्रदायक संस्थाहरू (ग्याँस डिपो, पेट्रोल पम्प, धेरै भीड रहने होटेल, अस्पतालहरू, औद्योगिक प्रतिष्ठानहरू) मा देहायबमोजिमका न्यूनतम् मापदण्डहरू अपनाउनु हुन जानकारी गराइन्छ।

उप–महानगरपालिकाले आगामी दिनमा सार्वजनिक सेवा प्रदायक संस्थाहरूमा विपद जोखिम न्यूनीकरण वारे अपनाएका मापदण्डहरूको नियमन तथा अनुगमन गर्ने कार्यक्रम रहेको व्यहोरासमेत यसै पत्रद्वारा जानकारीका लागि अनुरोध गरिन्छ।

<u>तपसिल</u>

क) पेट्रोल पम्प तथा ग्यास डिपोमा हुनु पर्ने न्यूनतम मापदण्डः

१) फायर एक्सिङ्गुइसर, फर्म टाइपको उचित मात्रामा भण्डारण र DCP
२) फायर स्ट्याङ्ड
३) फायर अलाम ( अग्नि सूचक संयन्त्र )
४) विपद् सम्पर्क व्यक्ति तोकिएको

ख) अस्पतालमा हुनु पर्ने न्यूनतम मापदण्डः

- हिट/स्मोक डिटेक्टर
- फायर एक्सिङ्गुइसर ( प्रत्येक २ कोठा वरावर १ फायर एक्सिङ्गुइसर )
- फायर आलाम ( कन्ट्रोल प्यानल सहितको अग्नि सूचक संयन्त्र )
- फिवण्ड फाय फाइटिङ इन्टलेसन ( वेट राइजर /होज रिल)
- फायर स्ट्याङ्ड

प्रमुख प्रशासकीय अधिकृत

१३१

धनगढी उप–महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७८/०७९.
च.नं. ६२६०

- आपतकालिन बहिर्गमन योजना,मार्ग / ढोका
- आपतकालिन सम्पर्क नम्बर
- विपद सम्पर्क व्यक्ति तोकिएको

ग) होटलमा हुनु पर्ने न्यूनतम मापदण्डः

- हिट ÷स्मोक डिटेक्टर
- फायर एक्टिङ्गुइसर ( एक तलामा कम्तिमा २ वटा )
- फायर अलाम ( अग्निसूचक संयन्त्र )
- ५ तला भन्दा माथिका होटलमा भर्याङसहितको आपतकालीन बहिर्गमन मार्ग ÷ ढोका
- आपतकालिन भेला स्थल तोकिएको
- आपतकालीन सम्पर्क नम्बरहरू
- विपद् सम्पर्क व्यक्ति तोकिएको

घ) औद्योगिक प्रतिष्ठानहरूमा हुनु पर्ने न्यूनतम मापदण्डः

- हिट/स्मोक डिटेक्टर
- फायर एक्टिङ्गुइसर ( फम र DCP प्रति २०० बर्गफुट बराबर १)
- फायर अलाम ( अग्निसूचक संयन्त्र )
- फायर स्ट्याड
- आपतकालीन बहिर्गमन योजना, मार्ग / ढोका
- आपतकालीन सम्पर्क नम्बरहरू
- बिपद् सम्पर्क व्यक्ति तोकिएको

७८/२/१८
..............................
रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत